म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ९१ मंगलबार, २३ कात्तिक २०७८ पञ्चमी ने. सं. ११४२ कछलाथ्व 9 November, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भूमि आयोगका चार सदस्यद्वारा सपथ

काठमाडौं (रासस)/राष्ट्रिय भूमि आयोगका चार सदस्यहरुले पद तथा गोपनीयताको सपथ लिएका छन् । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठको उपस्थितिमा मन्त्रालयमा राष्ट्रिय भूमि आयोगका अध्यक्ष केशव निरौलासँग नवनियुक्त सदस्यहरु राघोराय यादव (रौतहट), वासुदेव हुमागाईं (काभ्रे), टेकबहादुर शाह (डोटी) र दाताराम खनाल (इलाम)ले सपथ लिएका हुन् ।

सो अवसरमा मन्त्री श्रेष्ठले राष्ट्रिय भूमि आयोगको गठनको उद्देश्य एवं संविधानको भावना र मर्मअनुसार काम गर्न आयोग पदाधिकारीलाई निर्देशन दिए । आगामी दिनमा फेरि आयोग गठन गर्नुपर्ने तथा भूमिसम्बन्धी विषयमा हात हालिरहनुपर्ने अवस्थाको अन्त्य गर्ने ढंगले काम गर्न पनि उनले सुझाव दिए । मन्त्री श्रेष्ठले भने, 'भूमिहीन दलित, भूमिहीन र सुकुम्बासीको समस्या समाधान होस् भन्ने सोचका साथ मन्त्रालयले कार्ययोजना तर्जुमा गरी दिशा निर्देशित गरेकाले सोही अनुसार व्यवहारमा देखिने र नागरिकले अनुभूति पाउने ढंगबाट काम होस् ।' भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गणेशप्रसाद पाण्डेयले तोकिएको समयभन्दा अगावै काम सम्पन्न गर्न आवश्यक सहयोगका लागि मन्त्रालय प्रतिबद्ध रहेको उल्लेख गरे ।

# हेटौंडामा छठको रौनक सुरू, राप्तीतटमा बनाइयो पाण्डाल

साझाकुरा संवाददाता



हेटौंडा/हेटौंडामा यसवर्षको छठ पर्वको रौनक सुरु भएको छ । सूर्यको आरधना गरी पोखरी, तलाउ, नदी, खोला वा जलाशय भएको क्षेत्रमा यो पर्व मनाइने छठका लागि हेटौडाको राप्ती तटमा पाण्डाल निर्माण गरिएको छ ।

हेटौंडामा तराई जिल्लाका साथै भारतबाट व्यापार तथा रोजगारका लागि परिवारसहित हेटौंडा बसोबास गर्दै आइरहेकाले छठ मनाउने गरेका छन् । हेटौडा-१ मा रहेको राप्तीतटको किनारमा अहिले पण्डाल हाल्ने, मूर्ति बनाउने तथा सरसफाई गर्ने काम भइरहेको छ ।

बाटोमा झिलिमिलि बत्ती हाल्नेलगायत विभिन्न साजसज्जावटको कार्य पनि तीव्र गतिमा भइरहेको सुशिलकुमार बनियाँले बताए । उनका अनुसार कोरोना महामारीका कारण अघिल्ला बर्षहरुमा झैं हजारौं दर्शकको भीड नहुने अनुमान गरिएको छ । उनले अघिल्ला बर्षहरुमा छठ पर्वको मेला भर्न ५० हजार भन्दाधेरै मान्छे आउने भएपनि कोरोना महामारीका कारण एक वर्षअघि देखि भीड घटेको बताए ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक जयश्वर रिमालले छठ पर्वलाई सभ्य रुपमा सम्पन्न गराउन सो क्षेत्रमा एकसय जना भन्दाबढी प्रहरी परिचालन गरिने बताए । उनले मेलामा विशेषगरी महिलाहरुको उल्लेख्य सहभागिता हुनेहुँदा त्यसलाई पनि मध्यनजर गरी सुरक्षा व्यवस्था मिलाइएको जानकारी दिए । भट्टराईको अनुसार छठको दिन राप्तीतटमा सादा पोशाकमा पनि प्रहरी परिचालन गरिन्नेछ । अनावश्यक भिड नियन्त्रण र झैझगडा हुन नदिन प्रहरीको विशेष निगरानी हुने उनले बताए ।

हेटौंडा-१ का वडा अध्यक्ष सविन न्यौपानेले जिल्ला प्रशासन कार्यालय मकवानपुर तथा जिल्ला प्रहरी कार्यालय मकवानपुर सँग सल्लाह गरी विशेष सुरक्षा व्यवस्था पनि मिलाइएको बताए । उनको अनुसार यसवर्षको छठ पुजामा विगतको भन्दा फरक रौनकता देखिने छ । विभिन्न भाषाभाषी र समुदायका मानिस एकै ठाउँमा बसेर सौहार्दपूर्ण वातावरणमा छठ पूजा गर्ने गरेका कारण नै यो पर्वले साझा पर्व र समावेशी पर्वका रुपमा पहिचान स्थापित गरेको न्यौपानेको भनाइ छ । न्यौपानेले सवारी पार्किङदेखि विभिन्न प्रकारका व्यवस्थापनमा स्थानीय क्लवहरु पनि लागी परेको जानकारी दिए ।

यसपर्वको मुख्य विशेषतामा शक्तिरुपी माता छठ र संसारलाई प्रकाशमान पार्ने सूर्यदेवको संयुक्त रुपमा पूजा गरेर पर्व मनाउने गरिन्छ । परिवारको कल्याण, सन्तान प्राप्ति र छाला रोगका साथै विभिन्न रोगबाट मुक्तिका लागि यो पर्व मनाउने गरिन्छ ।

यो आफू खुशीले शुरु गर्ने र छोड्ने गर्नु हुँदैन भनी धार्मिक मान्यता छ । भाकल पूर्ण भएपछि मात्र छठ पर्वको शुभारम्भ गरिन्छ । एकपटक शुरु गरेपछि प्रत्येक वर्ष नियम निष्ठाका साथ यो पर्वलाई निरन्तरता दिने गरिन्छ । सोमबार बाट सुरु भएको यस पर्व २५ गते बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएसँगै समापन हुनेछ ।

नियम निष्ठाका साथ मनाइने यस पर्वको पहिलो दिन व्रतालु महिला आत्मशुद्धी गर्छन् । लसुन र प्याज पनि नखाने, अरुवा अरुवाइन अर्थात् शुद्ध भोजन गर्ने गर्छन् । यसलाई नहायखायँ भनिने गरिएको छ । दोस्रो दिन दिनभर उपवासमा बसेर बेलकीको समयमा नयाँ माटोको चुलोमा पूजाका लागि खीर पकाउने र सोही खीर घरको देवीदेउतालाई अर्पण गरेपछि परिवारका सदस्यबीच प्रसादका रुपमा वितरण गरी ब्रतालुले आफू पनि प्रसादकै रुपमा ग्रहण गरेर व्रतलाई निरन्तरता दिने गरिन्छ ।

पर्वको तेस्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पन र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर पछि चार दिनको यो पर्व विधिवत् रुपमा सम्पन्न हुने गर्छ ।

आइतबार (कात्तिक शुक्ल तृतीया) का दिन 'अरबा-अरबाइन' र सोमबार (चौथी तिथि) 'नहाय-खाय' विधि गर्ने व्रतालुले आज बुधबार कात्तिक शुक्ल पञ्चमीका दिन दिउँसभर निराहार व्रत बसी राति सख्खरमा पकाइएको अरवा चामलको खिर कूलदेवता र छठी देवीलाई चढाएर प्रसादस्वरुप खानेछन् । यो विधिलाई मिथिलामा 'खरना' भनिन्छ । त्यसपछि षष्ठी तिथिका दिन निराहार व्रत बसेर साँझपख मनोरम घाट बनाइएको जलाशयमा पुगी कम्मरसम्म पानीमा पसेर नुहाएसँगै अस्ताउँदा सूर्यलाई अर्घ्य दिएर प्रसाद राखिएको डाली हातमा उठाएर सूर्यलाई देखाइन्छ । यो विधिलाई 'सझुका अरख' वा 'साँझियाघाट' भनिन्छ । यसरी 'सझुका अरख'मा देखाइएको प्रसाद सामग्रीको डाली सप्तमीका दिन बिहानै उदाउँदा सूर्यलाई अर्घ्य दिएर देखाइएपछि छठ पर्व सम्पन्न हुने परम्परा छ । मिथिलामा 'सझुका अरख' सम्पन्न गरेर घाटमै बस्ने र सप्तमीका दिन बिहान सूर्योदय हुन एक घडी अघिदेखि पानीमा चोबलिएर व्रतालुले गीतको भाखामा सूर्यदेवलाई चाँडै देखिन पुकारा गर्छन् । सबैजसो घाटमा रातभरि जाग्राम बस्न गीत, सङ्गीत, नाटक र मनोरञ्जनका अन्य साधन व्यवस्था गरिन्छन् ।

केही दशकअघि मिथिला र तराई क्षेत्रको मात्र मुख्य पर्व मानिने छठ अब नेपालको सन्दर्भमा राष्ट्रिय पर्व नै बनिसकेको छ । पहाड, मधेसको सांस्कृतिक घुलमिलले छठपर्व अब साझा पर्व बन्दै गएको यस क्षेत्रका बुद्धिजीवी बताउँछन् ।


## कर्मचारी आवश्यकता

यस मकवानपुर साझा यातायात प्रा.लि.को लागि निम्न बमोजिम कर्मचारीहरु आवश्यक परेको हुादा सम्बन्धित काममा अनुभव र हेटौंडा बजार क्षेत्रका व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

- **पद** : चालक (२ जना)
- **उमेर** : ३५-४५ वर्षसम्म, हेभी लाइसेन्स भएको र कम्तिमा ५ वर्षको अनुभव

- **पद** : कन्डक्टर (१ जना महिला/पुरुष)
- **उमेर** : २५-३५ वर्षसम्म

- **तलब/भत्ता** : आपसी समझदारीमा

साथै, साझा बस फोल्डिङ सिट भएको, सुमो स्कार्पियो, बोलेरो सुपथ मुल्यमा रिजर्भ/भाडामा उपलब्ध छ ।


**सम्पर्क:**

**९८५५०६८८७३, ९८४५४५७५०७**


## पाण्डेले पाए विश्वासको मत

# राजनीतिक यात्राको ४७ वर्षपछि मुख्यमन्त्री

साझाकुरा संवाददाता



हेटौंडा/चार दलको गठबन्धनबाट बागमती प्रदेशको तेस्रो मुख्यमन्त्री बनेका राजेन्द्र पाण्डेले विश्वासको मत पाएका छन् ।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टीको समर्थनमा ११ कात्तिकमा मुख्यमन्त्री बनेका पाण्डेले सोमबार बसेको प्रदेशसभा बैठकबाट मत विभाजन प्रक्रियामार्फत विश्वासको मत पाएका हुन् ।

विश्वासको मतको प्रक्रिया अन्तर्गत मत विभाजनमा पाण्डेले गरेको प्रस्तावको पक्षमा ५९ मत परेको छ । ५५ मत बहुमतका लागि पर्याप्त थियो । माओवादी केन्द्र २३, कांग्रेस २२, नेकपा (एस) १३ र जसपाका एक सांसदले पाण्डेको पक्षमा मतदान गरेका हुन् ।

प्रमुख प्रतिपक्ष नेकपा एमालेका ४० सांसदले विपक्षमा मतदान गरेका छन् । एमालेका ३ र राप्रपाका २ सांसद अनुपस्थित थिए । विबेकशील साझाका ३ सांसदले विपक्ष र नेपाल मजदुर किसान पार्टीका २ सांसदले तटस्थमा मतदान गरे । १ सय ९ सांसदमध्ये १ सय ४ जना मतदानमा सहभागी थिए ।

संविधानको धारा १६८ को उपधारा २ बमोजिम कुनैपनि दलको बहुमत नरहेको अवस्थामा दुई वा दुईभन्दा बढी दलहरुको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका मितिले एक महिनामा सदनबाट विश्वासको मत लिनुपर्ने प्रावधान अनुसार पाण्डेले सोमबार विश्वासको मत लिएका हुन् ।

मुख्यमन्त्रीमा नियुक्त हुनासाथ पाण्डेले चार सदस्यीय मन्त्रिपरिषद् बनाएका थिए ।

प्रदेश सरकारको स्थापनासँगै बागमती प्रदेशको मुख्यमन्त्रीको रुपमा चर्चामा थिए, पाण्डे । तर, तत्कालिन नेकपा एमालेभित्रको विवादका कारण उनी उक्त रेसबाट आउट भए । धादिङ क्षेत्र नम्बर १ (१) बाट नेकपा एमालेको तर्फबाट निर्वाचित भएका पाण्डे पार्टी विभाजन भएर नेकपा (एकीकृत समाजवादी) को संसदीय दलको नेता भएसँगै पाण्डे मुख्यमन्त्री बन्न लागेका हुन् । २०१३ साल जेठ २९ मा बाबु स्व. नेत्रराज पाण्डे र आमा मनमाया पाण्डेको कोखबाट गजुरी गाउँपालिकामा उनको जन्म भएको थियो । ग्रामिण विकासमा स्नातकोत्तर गरेका पाण्डे २०३१ सालको विद्यार्थी आन्दोलनबाट राजनीतिमा संलग्न भएका थिए । तत्कालिन समयमा परिवारबाट शिक्षक बन्न दबाब थियो । उनले शिक्षण पेशा अँगाले पनि पुन: राजनीतिमै फर्किएका थिए ।

'शिक्षण पेशभन्दा राजनीतिबाट समाज परिवर्तन गर्नुपर्छ भनेर पूर्णकालिन राजनीतिमा लागेको हुँ ।', पाण्डे नेकपा मालेको सह-सचिवहुँदै २०४३ मा जिल्ला पञ्चायत सभापति भएका थिए । २०५० सालमा नेकपा एमालेको अञ्चल सचिव, २०५५ सालमा पार्टीको केन्द्रीय सदस्य भए । हाल उनी नेकपा (एस) को केन्द्रीय उपाध्यक्ष छन् । उनी धादिङबाट नेकपा एमालेको तर्फबाट २०४८, २०५१, २०५६ र २०७० को संसदीय निर्वाचनमा विजयी भएका थिए । उनले स्थानीय विकास मन्त्रीको जिम्मेवारीसमेत सम्हालेका छन् ।

भारतले सिक्किमलाई गाभेपछि भएको राष्ट्रियताको आन्दोलनमा सहभागीहुँदै २०३२ सालको विद्यार्थी आन्दोलनमा जेल परेका थिए । सरस्वती क्याम्पसको नेतृत्व गरेर आन्दोलनमा हिँड्ने क्रममा जेल पर्दा उनको त्यहाँ झापाली राजवन्दीसँग भेटको थियो । सोही क्रममा झापा आन्दोलनलाई मनपराउँदै उनी सक्रिय राजनीतिमा लागेका थिए । २०३३ बैशाखमा राष्ट्र विप्लवको मुद्धामा पाण्डेलाई क्रममा १० बर्ष जेल र १० हजार जरिवानासमेत तोकिएको थियो । जेल बस्ने क्रममा उनी २०३३ साल केन्द्रीय कारागारमा पार्टीको जेल कमिटिको सदस्य भएका थिए । उनी उक्त समयमा ४२ दिन जेलमा बसेका थिए ।

उनी २०५० वैशाख २० देखि नेपालगञ्जमा सम्पन्न पार्टीको छैटौं महाधिवेशनबाट अञ्चल सचिवको जिम्मेवारी सम्हालेका थिए । उनी २०३६, २०३८ र २०४२ सालमा सम्पन्न शिक्षक आन्दोलनको नेतृत्वसमेत गरेका थिए । पाण्डेले राजनीति यात्रामा २०३४ सालभर भूमिगत, २०३१ सालमा १७ दिन, २०३२ सालमा १४२ दिन र २०३३ सालमा १ बर्ष, २०३७ सालमा शिक्षक आन्दोलनमा २८ दिन, २०३८ सालमा ३६ दिन, २०४२ सालमा ९ महिना जेल परेका थिए ।


## आकर्षक घडेरीहरू विक्रीमा

हेटौंडा उपमहानगरपालकिा वडा नं.-१५, रातोमाटेपनेश स्थित महेन्द्र राजमार्ग रातोमाटे बजारवाट मात्र ३ कि.मी. पूर्वतर्फ रिङरोडको बस्तिमाझ खानेपानी, ढल, विद्युतको सुविधा भएको, ब्यापारिक तथा आवसिय प्रयोजनको लागि अति उपयुक्त आकर्षक घडेरीहरू सुपथ मुल्यमा विक्री वितरण हुदैंछ ।




| SN | AREA | SN | AREA |
| --- | --- | --- | --- |
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

०५७-५२३९३१ ९८४९११०८९२ ९८५५०६८७१६ ९८०२९१४११६
९८५११६७२६७ ९८५५०७२३०८ ९८४५०२८५१९





साझाकुरा

## हाम्रो कुरा

# सडक विस्तारको बल्झिरहने सवाल

दशकौंदेखि हेटौंडामा बल्झिरहने एउटा सवाल सडक विस्तार । विभिन्न समयमा सूचना प्रकाशन गरी अतिक्रमण हटाउने प्रयास गर्ने गरेको भए पनि अदालतको आदेश, राजनीतिक प्रभाव तथा स्थानीयको विरोधका कारण काम हुन सकेको छैन । करिब ६ वर्षअघि हेटौंडा बजार भएर जाने राजमार्गलाई राप्ती खोलाको किनारबाट बाइपास गर्ने घोषणा भएको भए पनि अन्यौल बनिरहेको अवस्थामा बागमी प्रदेश सरकारले बाइपास सडकका लागि पूर्वाधार निर्माणको ठेक्का लगाएपछि यस विषयले फेरि चर्चा पाएको थियो ।

प्रदेश सरकारले करिब एक वर्षअघि नै संघीय सरकारलाई हेटौंडा बजार क्षेत्रको राजमार्गको दायाँ-बायाँ १६-१६ मिटरमात्र विस्तार गरी राजमार्गलाई बाइपास गर्ने प्रस्ताव संघीय सरकारलाई पठाएको भए पनि त्यसबारे संघीय सरकारले कुनै निर्णय गरेको छैन । यसैबीच प्रदेश सरकारले हालै हेटौंडा-१ चौकीटोलदेखि राप्तीपुल हुँदै हेटौंडा-१० कर्रा पुलसम्मको २ दशमलब ३ किलोमिटर सडक निर्माणका लागि राप्ती खोलाले कटान गरेको भागलाई उकास गर्ने काम सुरु गरेको छ । बाइपास सडक निर्माणका लागि पूर्वाधारस्वरुप खोला किनारमा १० मिटर चौडाई बराबर उकास गरी अस्थायी सडक निर्माणको काम दुई वर्षभित्र सम्पन्न गर्नेगरी ठेक्का दिइएको थियो । करिब १३ करोड रुपियाँमा बाइपास सडकको आधारस्वरुप मुख्य बजार क्षेत्रभन्दा बाहिर राप्ती नदी किनारमा कच्ची सडक निर्माणको काम सम्पन्न गरी त्यसैलाई पछि ५० मिटर फराकिलो राजमार्गको रुपमा विकास गर्ने योजना प्रदेश सरकारको छ । हेटौंडा बजार क्षेत्रको सडक पनि अहिलेको भन्दा फराकिलो पार्ने र राजमार्गमा गुड्ने भारी सवारीलाई बजार प्रवेश नगराउँदा बजारमा सवारी चापमा कमी आई आवागमन सहज हुने तर्कलाई सकारात्मक मान्नुपर्छ । तर, एसियन हाइवेमा परेको राजमार्गलाई बाइपास गर्न पाइन्छ वा पाइँदैन अनि राजमार्गको चौडाई कतै ५० मिटर र कतै ३२ मिटर बनाउन सकिन्छ वा सकिँदैन भन्ने विषय महत्वपूर्ण देखिन्छ ।

हेटौंडा बजार क्षेत्रमा सडक विस्तार गर्ने वा नगर्ने, कति मिटर सडक विस्तार गर्ने, हेटौंडालाई मानव बस्ती घोषणा गरी राजमार्ग नै बाइपास गराउनेजस्ता विषय विभिन्न समयमा राजनीतिक मुद्दासमेत बन्ने गरेका छन् । यस्ता मुद्दाका कारण एकातिर राजमार्ग विस्तार नहुँदा बजार क्षेत्रका सडक साँघुरा भएका छन् भने अर्कातर्फ बजार क्षेत्रमा आधुनिक र ठूला व्यावसायिक भवनहरु बन्न सकेका छैनन् । २५ मिटर सडक सीमाभित्र निर्माण भएका घर टहरा भत्कने हो वा होइन भन्ने अन्यौलका कारण घर तथा जग्गाधनी दोधारमा परेका कारण आधुनिक शहरका लागि आवश्यक उपयुक्त भौतिक संरचना निर्माण नहुँदा बजारको सौन्दर्य हराएकोमात्र नभई व्यावसायिक चहलपहलमा समेत कमी हुँदै गएको छ । बजारमा निर्माण भएका हजारौं घर टहरा भत्काउनुको साटो राजमार्गलाई नै बाइपास गरी अन्यत्रबाट लैजाने कुरा एक हिसाबले ठिक भए पनि अहिलेको बजार क्षेत्रको सडक चौडा बनाउनैपर्ने आवश्यकतालाई पनि उत्तिकै ध्यान दिनुपर्ने देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५[illegible] |
| बारुण यन्त्र: | |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ कात्तिक २४ गते मंगलबार १० नोभेम्बर २०२१ । कात्तिक शुक्ला षष्ठी । कछुलाथ्व षष्ठी ११४१ । सूर्योदय ६:२० र सूर्यास्त ५:१४ मा हुनेछ । छठपर्ग व्रत/शान्ति र विकासका लागि विश्व विज्ञान दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तजन भेट | **तुला** | : अध्ययनमा बाधा |
| **वृष** | : भित्रजन भेट | **वृश्चिक** | : धन प्राप्ति |
| **मिथुन** | : प्रेममा सफलता | **धनु** | : शत्रुबाट मुक्त |
| **कर्कट** | : शुभ कार्यको थालनी | **मकर** | : धन नष्ट |
| **सिंह** | : सुख प्राप्ति | **कुम्भ** | : मिष्ठान्न भोजन |
| **कन्या** | : यात्राको योग | **मीन** | : आलश्यता |

# लोप हुँदै गयो सहकार्यको उत्कृष्ट नमूना 'परेली' पद्धति



खगराज बराल

नेपाली बृहत् शब्दकोशले 'परेली' शब्दलाई कृषकहरूको परस्परमा खेतालाको साटासाट गर्ने वा एकअर्काको काम गरिदिने प्रक्रिया, खेतालो गएर खेतालै तिर्नुपर्ने गरी लगाइएको ऋण, खेताले पैंचो, पर्म भनी अर्थ्याएको छ । 'परेली' शब्दको यो शब्दकोशीय अर्थ वास्तविक धरातलसँग मेल खाँदैन । 'परेली' शब्द खेतालाको साटासाट होइन, न त खेतालो गएर खेतालै तिर्नुपर्ने गरी लगाइएको ऋण नै हो । यो खेताले पैंचो र पर्म पनि होइन । 'परेली' त पहाडी क्षेत्रमा किसानहरूले वर्षभरि खेतीपातीका लागि गरिने सामूहिक प्रयत्न, सहकारिता हो । 'परेली' एउटा सहकार्य पद्धति हो । एकअर्कामा भएका स्रोतसाधनको सामूहिक उपयोग हो । खेतीपातीमा समानुपातिक लगानी र वितरण हो । एक वर्षको कार्ययोजना हो ।

'परेली' पद्धतिलाई अर्मपर्म वा खेताला वा पैंचो जस्ता शब्दले अर्थ्याउन सक्दैनन् । यस्ता शब्दले यसको गहन महत्वलाई बुझाउन पनि सक्दैनन् । 'पर्म' आफू-आफूमा आलोपालो गरी एकले अर्काको काम गरिदिने चलन हो । एकको काम गरिदिएपछि अर्कोले तिर्नैपर्छ । कसको कति दिनको पर्म हुने भन्ने निश्चित हुँदैन । एक वर्षभित्र पर्म तिर्न नसकेमा अर्को वर्ष तिर्दा पनि हुन्छ । 'खेताला' लाई ज्याला मजुरी विना वा सो लिएर काम गर्न आउने कामदार भनिएको छ । ज्याला नलिने खेतालाले पर्म गर्न सक्छन् । ज्याला लिने त निमेकी हुन् । उनीहरूले पर्म गर्दैनन् । 'पैंचो' भनेको पछि फिर्ता गर्ने गरी कसैलाई दिने वा कसैबाट लिने काम हो । कुनै स्थान विशेषमा 'परेली' शब्द खेताला, पर्म, पैंचो जस्ता शब्दको पर्याय हुन सक्ला तर 'परेली' पद्धतिको वास्तविक अभ्यास गर्ने क्षेत्रमा खेताला, पर्म, पैंचो जस्ता शब्दले 'परेली' शब्दलाई अर्थ्याउन सकेको देखिंदैन ।

'परेली' पद्धति सामूहिक कार्यको अभ्यास र स्थानीय तहमा गरिने सहकार्यको पनि अभ्यास हो । एकको अभावमा अर्काले गर्ने सहयोग हो, परिपूर्ति हो । 'परेली' पद्धतिको अभ्यास विशेषगरी गण्डकी क्षेत्रमा भएको पाइन्छ । यस लेखमा 'परेली' पद्धतिलाई सरल रूपमा बुझ्नका लागि विगतमा ग्रामीण तहमा हुने अभ्यासलाई दृष्टान्तका रूपमा यहाँ उल्लेख गरिएको छ । 'परेली' एक किसिमको कामको विभाजन सहितको समूह (सेट) हो । विशेषगरी 'परेली' खेतीपातीसँग सम्बन्धित थियो । ग्रामीण क्षेत्रमा खेतीपाती गर्नका लागि परम्परागत पद्धतिमा काम गर्दा 'परेली' निर्माण गरिन्थ्यो ।

हिउँदलाई 'परेली' निर्माण गर्ने समय मानिन्थ्यो । अझ स्पष्ट रूपमा भन्नुपर्दा श्रीपञ्चमीको आसपासमा पुरानो 'परेली' यथावत् राख्ने कि नयाँ तर्जुमा गर्ने भन्ने निर्णय गरिन्थ्यो । पुरानो परेलीमा बस्न नचाहनेले नयाँ समूहसँग आबद्ध हुन सक्थे । कतिपयले पुरानै परेलीलाई निरन्तरता दिन्थे । मुख्यत: एक सेट 'परेली' बनाउँदा दुई वटा गोरु (एक हल गोरु) जोड्नुपर्थ्यो । ग्रामीण क्षेत्रमा खेतीयोग्य जमीन धेरै नहुने हुँदा सबै किसानले गोरु पाल्दैनथे, पाल्नु पनि पर्दैनथ्यो । खेतबारी अलि धेरै हुनेले गोरु पाल्थे । एकै परिवारले दुई वटा गोरु पाल्न कठिन पनि हुने र खेतीपातीमा अरूको पनि सहयोग चाहिने भएकाले एकै परिवारसँग एक हल गोरु नहुन सक्थे । मकै, कोदो, गहुँ, तोरी जस्ता खेतीलाई भन्दा धान खेतीलाई नै आधार मानेर परेलीको सेट निर्माण हुन्थ्यो । बाली वा खेत रोपाइँको अवधि (मेलो) धान रोप्ने दिनलाई आधार मान्ने प्रचलन थियो । मेलो निर्धारण गर्दा 'हिलो'लाई मुख्य आधार मान्ने चलन थियो ।

'हिलो'को मतलब असारे रोपाइँ हो । 'परेली' निर्माण गर्दा कति दिनको बाली वा रोपाइँ वा मेलो हुने भन्ने कुराले परेलीको सेट, मजुरी, हली, बाउसे, खेताला लगायत अन्य कुराको निर्धारण गर्थ्यो । एक सेट परेलीमा कम्तीमा दुई वटा गोरु, एक जना हली, दुई जना बाउसे र कम्तीमा दुई जना खेताल्नी हुन्थे । बाली धेरै भएमा तीन जना खेताल्नी पनि राखिन्थ्यो । सेटभित्रको यो संख्या बढाउन पनि सकिन्थ्यो । यसो गर्दा बालीको दिन बढ्न पनि सक्थ्यो । तर, समुदायभित्र कसैको पनि खेत बाँझो नहोस् भन्ने उद्देश्यले परेलीको संख्या बढाउनुपरेको हो । धान रोपाइँलाई खेत रोप्ने पनि भनिन्थ्यो ।

खेत रोपाइँको एकाइ हल थियो । एक हल गोरुको सहयोगमा हली र बाउसेले एक दिनमा धान रोप्न सक्ने जग्गाको क्षेत्रफल नै एक हल खेत हो । कसैको पाँच हल, कसैको आठ हल, कसैको नौ हल, कसैको तीन हल, कसैको दुई हल खेत हुन सक्छ । 'परेली' समूहमा आबद्ध किसानको खेतलाई हलको एकाइमा हिसाब गर्दै बाली वा हलको योग निकालिन्थ्यो । परेलीका सेट भित्रका सदस्य र गोरु धनीका लागि खेतको हल तोकिएको हुन्थ्यो । जस्तै, हलीका लागि ६, गोरुका लागि चार, बाउसेका लागि तीन र खेताल्नीका लागि दुई हल खेत ।

सामान्य हिसाबमा ६+(२x४)+(२x३)+(२x२)=२४ हलको मेलो हुने गर्छ । चौबीस हल खेत वा मेलो एक सेट परेलीका लागि असारको रोपाइँ हुने गर्थ्यो । कहिलेकाहीं केही हल खेत वा मेलो थपिन पनि सक्थ्यो । गाउँमा एक दुई हल खेत भएका र परेलीको सेटमा रहन नसक्नेलाई पनि समेट्नुपर्दा मेलो बढ्न सक्थ्यो । कसैको घरमा गोरु पाल्न पनि नसक्ने, बाउसे वा खेताला हिंड्न पनि नभ्याउने किसानको पनि हिसाब अनुसार धान थपेर रोपाइँ गरिन्थ्यो । यसो गर्दा बाली वा मेलो ३० दिनभन्दा पनि बढी पुग्न सक्थ्यो । हिलाको हिसाब गरेपछि धूलामा गरिने खेतीको खासै हिसाब गरिंदैनथ्यो । सक्दा मेलामा जाँदा हुन्थ्यो, नसक्दा नजाँदा पनि हुन्थ्यो । हिलोमा भने तोकिए अनुसार अनिवार्य सहभागी हुनैपर्थ्यो । कतिपयले धूलोमा नभई हिलोमा मात्र सहभागिता जनाउने पूर्वशर्त पनि राखेका हुन्थे । 'परेली' सेट बनाएपछि जोत्ने हलीको खोजी हुन्थ्यो ।

हलीको कामका लागि सम्भव भएसम्म आफ्नै गाउँका व्यक्ति खोजिन्थ्यो । उतिबेला हलीको काम विशेषगरी दलित परिवारका पुरुषहरूले गर्थे । पर्याप्त खेतीपाती र श्रमको अर्को अवसर पनि नहुने हुँदा हलो जोत्नु पनि एक किसिमको मजुरी नै थियो । श्रीपञ्चमी वरिपरि नै परेलीको टुङ्गो लगाउनुपर्थ्यो । दुई वटा गोरु जोडेपछि गोरु जोड्नेहरू नै हली खोज्न जिम्मेवार मानिन्थे । गाउँमा उपलब्ध हलो जोत्ने श्रमिकसँग छलफल हुन्थ्यो ।

कति दिनको मेलो हो र सोका लागि कति मजुरी लिने वा दिने भन्ने बारेमा सहमति बनाइन्थ्यो । मानौं तीस हलको मेलोका लागि पाँच मुरी धान मजुरीमा सहमति भयो भने 'परेली' समूहका सदस्यका बीच मजुरीको बाँडफाँट हुन्थ्यो । हलो जोत्नेको खेत कति हलको छ सोको हिसाब गरेर पाँच मुरी मजुरीमा राखिन्थ्यो । हली, गोरु पाल्ने किसान, बाउसे, खेतालालाई क्रमश: ६, ४, ३ र २ दिन काम गरेबापत मजुरीको हिसाबमा समावेश गरिंदैनथ्यो (२x४)+(२x३)+(२x२)=१८ । यी दिन बाहेक बढी दिन मजुरीका लागि दामासाहीले हिसाब लाग्थ्यो । पाँच मुरी धान भनेको १०० पाथी हो ।

हिसाब गर्दा मुरी धानलाई पाथीमा टुर्क्याइन्थ्यो । जस्तै: हलीको खेत रोपाइँ रहेनछ भने उसलाई यसमा समावेश गरिंदैनथ्यो । गोरु पाल्ने प्रति किसान आठ हल खेत रहेछ भने दुई जना गोरु पाल्ने किसानका १६ हल खेत, प्रति बाउसेको चार हल खेत रहेछ भने दुई बाउसेका आठ हल खेत, प्रति खेतालीको तीन हल खेत रहेछ भने दुई खेतालीका ६ हल खेत हुन जान्थ्यो ।

मजुरी नलाग्ने हल खेत छुट्याएपछि गोरु पाल्ने प्रति किसानलाई चार हलका हिसाबले आठ हल खेत, प्रति बाउसेलाई एक हल खेत हिसाबले दुई बाउसेका दुई हल खेत, प्रति खेतालीलाई एकहल खेतको हिसाबले दुई हल खेत रोपाइँको मजुरीमा लाग्थ्यो । यसको मतलब ३० दिन मेलोमा हलीको खेत नभएका कारण गोरु पाल्ने किसान दुई, बाउसे दुई र खेताली दुईका लागि काम बापत १८ दिन छुट र १२ दिन मजुरीमा गणना गनिन्थ्यो ।

यो १२ दिनले १०० पाथी धानलाई भाग लगाइन्थ्यो (१००/१२=८.३) । मजुरी तिर्नुपर्ने एक हलले ८ पाथी ३ माना धान मजुरी भर्नुपर्थ्यो । यस हिसाबले गोरु पाल्ने किसानले प्रत्येकले ३३ पाथी, प्रत्येक बाउसेले ८ पाथी ४ माना धान र प्रत्येक खेतालीले ८ पाथी ४ माना धान मजुरी भर्नुपर्थ्यो । यसरी गोरु पाल्ने दुई किसानले ६६ पाथी, दुई बाउसेले १७ पाथी र दुई खेतालीले १७ पाथी धान मजुरीका लागि छुट्याउनुपर्थ्यो । मजुरी धानको दाइँका दिन हलीलाई निम्ता गरेर रासको सबैभन्दा राम्रो धान मजुरीका रूपमा दिइन्थ्यो । यसरी किसानले समूहमा सहकार्य पद्धतिको विकास गर्दै वर्षभरिको खेतीपाती सम्पन्न गर्थे । 'परेली' समूहमा सदस्यहरू त्यो वर्ष एउटै परिवार जस्ता देखिन्थे ।

बेंसीदेखि गाउँसम्म चार-पाँच सय हल खेत हुन्थ्यो तर त्यो खेत एक महीनाभित्र सबैको रोपाइँ भइसक्थ्यो । कसैको पनि खेत बाँझो रहन पाउँदैनथ्यो । एक गाउँमा थुप्रै 'परेली' समूह हुन्थे । आ-आफ्नो समूहमा समयमा नै काम सम्पन्न गर्थे । एक महीनामा रोपाइँ सकिने गरी 'परेली' को सेट बनाइएका हुनाले हिलो पस्ने (रोपाइँ शुरु गर्ने) काम सबैभन्दा टाढाको खेतबाट शुरू हुन्थ्यो । गाउँका सबै 'परेली' समूह टाढाको खेतमा नै केन्द्रित हुन्थे जसका कारण टाढाको मेलामा सबैको साथ हुन्थ्यो ।

विस्तारै विस्तारै बस्तीबाट नजिकको खेतमा रोपाइँ आइपुग्थ्यो । समाजमा आधुनिकताको प्रभाव पर्न थाल्यो । शिक्षामा पहुँच बढ्यो । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरमा वृद्धि भयो । अनौपचारिक शिक्षाको प्रभाव पर्न थाल्यो । श्रम तथा रोजगारका क्षेत्र बढ्न थाले । वैदेशिक रोजगारका अवसरमा वृद्धि भयो । गाउँहरू विस्तारै शहरमा रूपान्तरण हुन थाले । ग्रामीण बस्तीबाट शहर, पहाडबाट तराईतिर बसाइँ सर्ने प्रवृत्तिमा वृद्धि भयो । मानिसहरूले सुखको खोजी गर्न थाले ।

सामूहिकता र सहकार्यको प्रवृत्तिमा ह्रास आउन थाल्यो । परिवार पनि संयुक्तबाट एकलमा अगाडि बढे । खेतीपाती पनि थोरै हुन थाल्यो । आफैं खेती गर्ने भन्दा ज्यालामा श्रमिकको खोजी हुन थाल्यो । खेतीयोग्य जमीनको खण्डीकरण हुन पुग्यो । 'परेली' जस्तो सामूहिक र सहकार्य पद्धतिको जरूरी नै पर्न छाड्यो । कृषिमा आत्मनिर्भर समुदायले व्यापार, नोकरी, वैदेशिक रोजगार जस्ता क्षेत्रमा पाइला अगाडि बढाए । कृषि श्रमिकको अभावमा खेतीयोग्य जमीन बाँझो हुन थाल्यो । घरघरमा वैदेशिक रोजगारीमा जाने सदस्य बढ्न थाले । कृषिप्रतिको आकर्षण र उत्साह घट्यो ।

खेतीपाती गरेर भन्दा किनेर खानेको संख्या बढ्यो । खेतीका लागि हली, बाउसे, खेताला, खेताली पाइन छोड्यो । खेतीपातीका लागि गोरु पाल्ने प्रवृत्ति हरायो । कृषिमा भएको आधुनिकीकरणले यान्त्रिकी, बजारी र व्यापारीकरणको प्रभाव पर्न थाल्यो । हाते ट्याक्टर, ट्याक्टर लगायत कृषिमा आधुनिक यन्त्रको प्रयोग हुन थाल्यो । परम्परागत कृषिका लागि सामूहिकता र सहकार्यको नमूनाका रूपमा रहेको 'परेली' पद्धति समयक्रममा हराउन पुग्यो । *- साभार: अनलाईनखबर*

---

# के गर्दैछन् भारतका माओवादी ?



लक्ष्मण पन्त

७ नोभेम्बर विश्व कम्युनिष्ट आन्दोलनको इतिहासमा एउटा विशेष महत्व बोकेको दिन हो । त्यस दिन रुसमा लेनिनको नेतृत्वमा बोल्सेभिक क्रान्ति सम्पन्न भएको थियो, जो 'अक्टोबर क्रान्ति'को नामले चिनिन्छ । त्यसपछि पूर्वी युरोपका अनेकौं मुलुकहरू, भियतनाम, चीन र उत्तर कोरियाजस्ता मुलुकहरूले त्यही बाटो पछ्याएका थिए । आज न त सोभियत संघ छ, न पूर्वी युरोपका मुलुकहरूमा साम्यवादी शासन छ, न त चीन नै बोल्सेभिक क्रान्तिले देखाएको मार्गमा छ ।

लेनिन र माओले प्रतिपादित गरेको क्रान्तिको मार्गको अनुशरण गर्ने पेरुको 'साइनिङ पाथ'को मूलत: अवसान भैसकेको छ । मार्क्सवाद र लेनिनवादलाई आधार मानेर फार्क नामले चिनिने रिभोल्युशनरी आर्म्ड फोर्सेज् अफ कोलम्बियाले सञ्चालन गरेको विद्रोही समूहले पनि हतियार समर्पण गरेपछि २०१६ मा अन्त भएको छ । टर्कीका माओवादीहरू आफ्नो अस्तित्वका लागि संघर्षरत छन् भने र लगभग आधी शताब्दीदेखि छापामार युद्ध सञ्चालन गरेका फिलिपिन्सका माओवादीहरू पनि सानो भूगोलमा मात्र सीमित छन् । यता दक्षिण एसियाली माओवादीहरूको संगठन कम्पोसाले १९९० को दशकमा दक्षिण एशियालाई क्रान्तिको तुफानी केन्द्रका रुपमा परिभाषित गरेको थियो । नेपालका माओवादीहरूको नेतृत्वमा सञ्चालन भएको सशस्त्र संघर्षको अन्त भैसकेको छ भने भारतका माओवादीहरू आफ्नो अस्तित्व रक्षाका लागि संघर्षरत् छन् । ७ नोभेम्बर अक्टोबर समाजवादी क्रान्तिले १०४ वर्ष पुरा गर्दा त्यसैलाई आदर्श मानेर सञ्चालन गरिएको भारतीय माओवादी आन्दोलनको अवस्था के छ भन्नेबारे अगाडिका पंक्तिहरूमा संक्षिप्त चर्चा गरिएको छ ।

भारतको माओवादी आन्दोलन पाँच दशक पुरानो हो । चारु मजुमदारको सन् १९७२ मा गिरफ्तारी र हिरासतमा दिइएको यातनाबाट मृत्यु भएपछि आन्दोलनले ठूलो क्षति बेहोरेको थियो । नक्सलवादीहरूको व्यापक दमनपछि राज्यले नक्सलवाडी आन्दोलन अन्त हुने अपेक्षा गरेको थियो । तर असीको दशक लगत्तै कोण्डापल्ली सितारमैयाको नेतृत्वमा दक्षिणी राज्य आन्द्र प्रदेशबाट माओवादी आन्दोलनले पुनर्जीवन प्राप्त गरेको थियो । सन् २००४ मा एमसीसीको नामले चिनिने माओइस्ट कम्युनिष्ट सेन्टर पनि माओवादी आन्दोलनमा मिसिएपछि यसले तीव्रता प्राप्त गरेको थियो । कांग्रेस नेतृत्वको मनमोहन सिंह सरकारको कार्यकालमा माओवादीहरूमाथि चौतर्फी दमन भएपछि आन्दोलन क्रमश: कमजोर हुन पुग्यो ।

हाल भारतीय माओवादी आन्दोलन अत्यन्त रक्षात्मक अवस्थामा छ । धेरै केन्द्रिय नेताहरू अहिले जेलमा छन् । केही वर्ष यता शहरी क्षेत्रमा जनाधार विस्तार गर्ने जिम्मामा रहेका नेताहरूको गिरफ्तारीपछि आन्दोलन अझै संकटमा परेको देखिन्छ । यसबीच भारत सरकारले माओवादीहरूको वेभसाइट बेन्डथट्स डटकम माथिसमेत प्रतिबन्ध लगाएपछि आन्दोलनसम्बन्धी गतिविधि र सूचनाहरू बाहिर आउन पनि बन्द प्राय: छ । बितेको एक दशकका प्रत्येक वर्षहरूमा माओवादीहरूले नबिराइकन सशस्त्र प्रहरीहरूमाथि वर्षमा एक पटक ठूलो फौजी कार्वाही गर्ने गरेका छन् । यस्ता हरेक फौजी कार्वाहीमा केही दर्जन सुरक्षाकर्मी मारिने गरेका छन् । उनीहरूको त्यो फौजी कार्वाही दिल्लीका सञ्चारमाध्यममा केही दिनका लागि चर्चाको विषय बन्ने गरेको छ । त्योबाहेक भारतीय माओवादीहरूको प्रभाव भारतको राष्ट्रिय राजनीतिमा देखा पर्दैन । प्रभाव क्षेत्रका हिसाबले हेर्दा पनि छत्तीसगढ, झारखण्ड, महाराष्ट्र उडिसाका केही आदिवासी जिल्लाहरूका सीमित क्षेत्रमा बाहेक माओवादीहरूको अन्यत्र उपस्थिति देखिन्न । एक सय चालीस करोडको विशाल जनसंख्या रहेको भारतमा ५० वर्षको संघर्ष र ठूलो बलिदानका वावजुद् माओवादीहरूको उपस्थिति र प्रभाव एकाध लाख जनसंख्यामा सीमित हुनुबाट आन्दोलन गम्भीर संकटबाट गुज्रिरहेको स्पष्ट हुन्छ ।

रुसमा कम्युनिष्ट पार्टीको स्थापना भएको दुई दशकभित्रै वोल्सेभिकहरूले सत्ता आफ्नो हातमा लिएका थिए । चीनमा कम्युनिष्ट पार्टीको स्थापनापछिको अढाई दशकमै जनवादी क्रान्ति सम्पन्न भएको थियो । तर भारतमा आधी शताब्दीपछि पनि माओवादी आन्दोलन छत्तीसगढको दण्डकारण्य जंगलभित्रका गाउँ र त्यस वरपरको भूगोलका केही गाउँहरूमा मात्र सीमित छ । निकट वा सुदूर भविष्यमा आन्दोलनले गति लिने कहीं कतै संकेत देखिंदैन । क्रान्ति वा सामाजिक परिवर्तन समाज विज्ञानको अकाट्य नियम हो । तर क्रान्तिका लागि वस्तुगत र आत्मगत दुवै परिस्थिति अनुकूल हुनुपर्दछ ।

रुसमा वोल्सेभिकहरूको नेतृत्वमा क्रान्ति सम्पन्न हुनुका पछाडि जार शासकहरूको पहिलो विश्वयुद्धमा संलग्नतालाई लिन सकिन्छ, जसले गर्दा त्यहा मजदुर किसान र सैनिकहरू जारको विरुद्ध खडा हुन पुगे । युद्धबाट जर्जर बनेका बेलायत फ्रान्सजस्ता रुसका मित्र शक्तिहरूले पनि जारको सत्ता जोगाउन सक्ने स्थिति रहेन । किनकी ती मुलुकहरू आफै युद्धबाट कमजोर बनेका थिए । घरेलु र बाह्य परिस्थिति बोल्सेभिकहरूको अनुकूल थियो । चीनको क्रान्ति दोस्रो विश्व युद्धलगत्तै सम्पन्न भएको थियो । त्यतिखेर पनि विश्वका बेलायत, अमेरिका, जापान, जर्मनी जस्ता शक्तिहरू युद्धमा फसेका थिए । च्याङ काई शेकको सत्ता आन्तरिक रुपमा चीनिया जनता र अन्तर्राष्ट्रिय शक्तिहरूको समर्थन नभएपछि कमजोर बनेको थियो । यसै अनुकूल घरेलु र बाह्य अवस्थाका कारण कम्युनिष्टहरूको जीत सम्भव भएको थियो । एकोहोरो रूपमा फौजी कार्यदिशामा मात्र जोड दिनु र जनतालाई सचेत र संगठित गर्ने संसदीय विधिसहित संघर्षका अन्य रूपहरूप्रति देखाएको संकीर्णता नै भारतीय माओवादी आन्दोलनको संकुचनको मुख्य कारण रहेको देखिन्छ ।

गाउँबाट शहर कब्जा गर्ने र स्थानीय सत्ता कब्जा गर्दै केन्द्रिय सत्ता कब्जा गर्ने चिनिया कम्युनिष्टहरूले अस्सी-नब्बे वर्ष पहिले प्रयोगमा ल्याएको रणनीति हो । समय सापेक्ष नयाँ रणनीतिको तर्जुमा बिना भारतीय माओवादी आन्दोलन टिक्न र विकसित हुन सम्भव देखिन्न । पेरुको कम्युनिष्ट आन्दोलनको आज नामोनिशान नरहनु र कोलम्बियाको फार्क विद्रोह समाप्त हुनु, टर्की, फिलिपिन्स, श्रीलंका आदिका असफल विद्रोहहरूको एउटा मुख्य शिक्षा यो पनि हो । नेपालको माओवादी आन्दोलन पनि सशस्त्र स्वरुपमै जारी राख्न सम्भव नभएपछि सम्झौतामा गएर टुंगिएको हो ।

विश्वको आर्थिक सामाजिक र राजनैतिक स्वरुपमा बितेका एक सय वर्षमा ठूलो परिवर्तन आएको छ । विश्व बहुध्रुवीय बन्न पुगेको छ । साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूको अन्तरविरोध पनि पुरानै अवस्थामा छैन । आजको श्रमिक वर्गको आर्थिक सामाजिक अवस्था पनि अठारौं र उन्नीसौं शताब्दीको श्रमिकवर्गको जस्तो छैन । श्रमिक र पूँजीपति वर्गको बीचमा रहेको मध्यमवर्गको आकार विशाल छ । यो वर्ग आज विश्वव्यापी रूपमा शक्तिशाली वर्गका रूपमा रहेको छ । यसले के देखाउँछ भने श्रमजीवी वर्गको मात्र समस्या उठाएर अब पुग्दैन, विशाल मध्यवर्गलाई पनि क्रान्तिले सम्बोधन गर्न सक्नुपर्दछ ।

- साभार: रातोपाटी

# विपरीत गुणका सूर्य र पानीको आराधना गरिने पर्व छठ

काठमाडौँ (रासस)/ विपरीत गुणका सूर्य र पानीको पूजा आराधना गरी मनाइने चार दिने छठ पर्व सुरु भएको छ । मानव जीवनका लागि अत्यावश्यक नदी र सूर्यदेवको श्रद्धा भक्तिपूर्वक आराधना र पूजा गरी मनाइने छठ सोमबार बिहान स्नान गरेसँगै सुरु भएको हो ।



कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिन मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको पर्व सोमबार स्नान गरी चोखो खाएर बसिन्छ । कार्तिक शुक्ल चतुर्थीका दिन सोमबार बिहान व्रतालुले स्नान गरेसँगै यो पर्वको विधि सुरु हुन्छ । चतुर्थीको कर्मलाई अरबाइन वा अरबा भनिन्छ ।

यस दिनदेखि छठ पर्व नसकिएसम्म व्रतालुले माछा, मासु, लसुन, कोदो, फापर, मुसुरो, आदि नखाने विधि छ । केही व्रतालुले भने कोजाग्रत पूर्णिमाको भोलिपल्ट अर्थात् कार्तिक कृष्ण प्रतिपदादेखि नै तामसी खाद्य परिकार नखाई शुद्ध खानपीन गर्छन् ।

मनोकांक्षा पूरा हुने विश्वासमा विशेषगरी महिलाले छठमा कठोर व्रत गर्छन् । तराईमा उत्साहका साथ मनाइने मिथिला संस्कृतिमा आधारित छठ पर्व विसं २०४६ पछि काठमाडौँलगायत पहाडमा मनाउन थालिएको हो ।

सूर्य उपासनाको पर्व भएकाले पहाडी समुदाय पनि यसप्रति आकर्षित भएका छन् । विसं २०६३ पछि भने काठमाडौँको थापाथली, गुह्येश्वरी, गौरीघाट र रानीपोखरीमा पनि विशेष महत्व एवं साज सज्जाका साथ यो पर्व मनाउन थालिएको हो । यसअघिदेखि नै वागमती र विष्णुमती नदी किनारमा छठ मनाउने संस्कृति सुरु भएको थियो । कार्तिक शुक्ल चतुर्थीका दिन छठ स्थलमा सरसफाइ एवं स्नान गरेका व्रतालु पञ्चमीका दिनमा निर्जल उपवास बस्छन् । यस दिन बेलुकी घरमा खीर बनाई चन्द्रमालाई अर्पण गरी एक छाक खाने गरिन्छ । यसलाई खरना भन्ने गरिएको काठमाडौँमा छठ मनाउँदै आउनुभएका गुह्येश्वरी गौरीघाट छठ पूजा समितिका सदस्य अनिल सिंह बताउँछन् ।

षष्ठीका दिन व्रतालुले ठेकुवा, फलफूल, मिठाइ, रोटी सूर्य एवं छठी मातालाई चढाउने गर्छन् । रोटीमा सूर्यको रथका पाङ्ग्रा अंकित गरिन्छ । षष्ठीका दिन पक्वान्न, फलफूल र नरिवललाई बाँसको टोकरीमा सजाएर माथिबाट कपडाले छोपिन्छ । साँझपख बत्ती बालेर माटाको घडाको साथ गीत गाउँदै नदी वा तलाउका किनारमा गइन्छ । डुब्न लागेका सूर्यलाई अर्घ्य दिइ प्रणाम गरिन्छ । अर्घ्य दिएपछि तीनपटक पानीमा डुबुल्की मारी मनोरञ्जन गर्दै त्यहीँ रात बिताइन्छ ।

सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई दर्शन गर्न बिहान ४ बजेदेखि नै प्रतीक्षा गरिन्छ । उदाउँदो सूर्यलाई गाईको दूध, फूल र जलले अर्घ्य दिइन्छ । यसरी घाटमा गरिने पूजालाई भिन्सरघाट भनिन्छ । बिहानै घाटमा गरिने पूजा भएकाले भिन्सरघाट भनिएको हो । सूर्योदयकालमा अर्घ्य दिइ सूर्यको दर्शन गरेपछि छठ पूजा सकिन्छ । सूर्यको दर्शन गर्दा भक्त लुगासहित कम्मरसम्म पानीमा डुबेर सूर्य दर्शन गर्ने विधि रहेको छ ।

पृथ्वीमा भएका जीवको सञ्चालन र संरक्षण जल एवं सूर्यबाट भएकाले नदीलाई माता, सूर्यलाई सम्पूर्ण शक्तिको स्रोतका रुपमा मानी विशेष पूजा गर्ने गरिएको हो । कार्तिक शुक्ल पक्षमा सूर्यको पूजा गर्नाले मनोकांक्षा पूरा भई इच्छाएको फल प्राप्त हुने उल्लेख शास्त्रमा गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा. रामचन्द्र गौतम बताउँछन् ।

सूर्यको उपासना गर्ने र शुद्धताको प्रतीक भएकाले तराईबाट सुरु भई हाल पहाड र हिमाली क्षेत्रसम्म पनि छठ मनाउन थालिएको छ । सूर्य पूजा र दर्शन गरी विवाहिता महिला पुरुषले पति पत्नीको दीर्घायु एवं अविवाहित केटा केटीले सुयोग्य वर बधु प्राप्तिको कामना गर्छन् । सन्तान प्राप्तिको कामनाले यो पर्व मनाउनेको संख्या पनि धेरै छ । यो पर्वमा मुस्लिम, बौद्ध र जैन धर्मावलम्बीकोसमेतको सहभागिता रहने गरेको विसं २०६८ देखि कमलपोखरीमा छठ पूजाको नेतृत्व गर्दै आएका कमलपोखरी छठ समाजका अध्यक्ष राजेन्द्र सिंहले बताए ।

गुह्येश्वरीमा विसं २०७६ को छठसम्म मुस्लिमका पाँच परिवारले छठ पूजा गर्थे । कोरोना महामारीका कारण गत वर्ष छठ रोकिएपछि ती परिवार वीरगञ्ज गएर छठ मनाउन थालेको समिति सदस्य सिंहले सुनाए ।

सर्वप्रथम छठीमाताले सूर्यदेवलाई खुसी पारी यो पर्व मनाउन थालिएको धार्मिक विश्वास छ । महाभारतकालमा द्रौपदीसहित पाण्डवहरू अज्ञातवासमा रहँदा गुप्तबास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । पाण्डवहरू विराट राजाका दरबारमा बसेका बेला गरेको सूर्य पूजाका प्रभावले अज्ञातवास सफल भएको विश्वासमा यो पर्व मनाउन सुरु गरिएको पौराणिक ग्रन्थमा उल्लेख छ ।

अत्रिमुनिकी पत्नी अनुसूयाले सर्वप्रथम छठ व्रत गरेको सूर्य पुराणमा उल्लेख छ । छठ व्रतका प्रभावले अटल सौभाग्य र पतिप्रेम प्राप्त भएपछि अरुले पनि मनाउने परम्पराको सुरुआत भएको अनुयायीको भनाइ छ ।

यस वर्ष कार्तिक शुक्ल षष्ठी अर्थात् कात्तिक २४ गते बुधबार बेलुकी अस्ताउँदो र सप्तमी अर्थात् कात्तिक गते बिहीबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिइन्छ । यसैगरी कमलपोखरीमा यस वर्ष काठमाडौँ महानगरपालिकाकै संयोजनमा छठ पर्व मनाइने भएको छ । रानीपोखरीमा भने छठ पूजा नहुने जनाइएको छ ।

# बजेट अभावमा रोकियो दुर्लभ सालकको अनुसन्धान

काभ्रेपलाञ्चोक (रासस)/ बजेट अभावमा विश्वमै दुर्लभ तथा संरक्षित स्तनधारी जंगली जनावर सालकको अनुसन्धान रोकिएको छ । वागमती प्रदेशस्थित वन, पर्यटन तथा वातावरण मन्त्रालयबाट सालक अनुसन्धानमा विनियोजित रकम दुई वर्षदेखि रोकिएका कारण काभ्रेपलाञ्चोकमा सालकको बासस्थान अनुसन्धान तथा संरक्षण अभियान यो वर्ष पनि रोकिएको हो ।



संरक्षण अभियानन्तर्गत डिभिजन वन कार्यालय धुलिखेलले दुई वर्षअघि सालकको बासस्थान व्यवस्थापन तथा संरक्षण गर्न सम्भावित क्षेत्रमा चेतनामूलक कार्यक्रम सञ्चालन गरेको थियो । प्रदेश सरकारले २०७५/०७६ मा दुई लाख तथा अघिल्लो आर्थिक वर्षमा पाँच लाख पठाएको कार्यालय प्रमुख देवीचन्द्र पोखरेलले बताए । उनले भने, "प्रदेश सरकारबाट दुई वर्षदेखि बजेट नआउँदा सालकको थप अनुसन्धान तथा संरक्षणसम्बन्धी चेतनामूलक अभियान रोकिएको छ", पोखरेलले भने ।

पोखरेलका अनुसार कृषि उत्पादनमासमेत निकै गुणकारी नेपालमा रहेको स्तनधारी जनावर मध्ये लोपोन्मुख जातिभित्र पर्ने सालकको अनुसन्धान/संरक्षण अत्यावश्यक देखिन्छ । अभियानकै क्रममा सालकको उपयुक्त बासस्थान भएको स्थानीय क्षेत्रमा सालक 'गुणी' जनावर भएको जानकारी पाएपछि यसको संरक्षणमा पनि निकै उत्साहित पनि देखिएका थिए ।

जिल्लाको कुन कुन क्षेत्रमा सालक पाइन्छ भन्नेबारे कार्यालयले स्थानीय तहको समन्वयमा कार्यक्रम विस्तार गर्दै जाने योजनासमेत बनाएको पोखरेलले बताए । "हामीले सालकबारे पाँचवर्षे योजना बनाउने प्रक्रियामा थियौँ, बजेट रोकिँदा यसप्रति थप अनुसन्धान र गतिविधि गर्न सकिएन", उनले भने । आउने वर्षका लागि योजना बनाएर मन्त्रालयमा पेश गर्नेबारे छलफल भएको उनले बताए । गत असारमा पनौती नगरपालिका-८ पाल्पाली गाउँमा विश्वमा दुर्लभ तथा संरक्षित स्तनधारी जंगली जनावर सालक भेटिएको थियो । राति ९ बजे स्थानीय एक घरको आँगनमा भेटिएको उक्त सालक प्रहरी र वन कार्यालयका कर्मचारीद्वारा मल्पीस्थित सामुदायिक वनमा छाडिएको थियो ।

पनौतीमा भेटिएको उक्त वयस्क 'चाइनिज पेङ्गोलिन' रहेको पोखरेलले जानकारी दिए । उनका अनुसार नेपालमा भेटिने गरेका अधिकांश 'चाइनिज पेङ्गोलिन'नै रहेका छन् । सालकको उपयुक्त बासस्थान मानिएको काभ्रेपलाञ्चोकको महाभारत पर्वत शृङ्खलासँग जोडिएको क्षेत्र बल्थली र पाँचखाल नगरमा दुई वर्षअघि पहिलो चरणको चेतनामूलक कार्यक्रम भएको थियो । जिल्लाको अधिकांश सामुदायिक वनमा सालकको सुरक्षित बासस्थान भएकाले सालकको मासु तथा छाला (खपटा) तस्करी रोक्न स्थानीयस्तरमा चेतनामूलक कार्यक्रम आवश्यक देखिएको छ ।

"यो मानिसका लागि उपयुक्त जनावर हो, यसले बालीका कमिला र धमिरा खान्छ, पर्यावरणलाई जोगाउन मद्दत पुर्‍याउँछ, मानिसलाई भने आक्रमण गर्दैन", पोखरेलले थपे । उनका अनुसार सालकमा १५ सेन्टिमिटर टाढाका किरा श्वासले तानेर खानसक्ने क्षमता हुन्छ भने केही खतरा महसुस हुनासाथ डल्लो परेर बस्ने गर्दछ । बल्थलीस्थित समुदायमा आधारित चोरी, सिकारी नियन्त्रण एकाइका अध्यक्ष विष्णुप्रसाद हुमागाईंले स्थानीय आठ वटा सामुदायिक वनमा अध्ययन गर्दा जमिनमा ५४२ वटा प्वाल भेटिएकामध्ये पुरानो ३२३ र नयाँ २१९ प्वाल रहेको जानकारी दिए । उनले भने, "नयाँ प्वालको संख्या कमी देखिँदा सालक लोप हुने अवस्थामा जाँदैछ भन्ने बुझिन्छ, हामीले सालक तस्करीविरुद्ध विशेष निगरानी गर्दै आएका छौँ ।" उनका अनुसार एकाइले गत वर्ष स्थानीय २५० स्कुले विद्यार्थीलाई यससम्बन्धी जनचेतना कार्यक्रम गराएको थियो भने एकाइकै पहलमा काठमाडौँ विश्व विद्यालयका विद्यार्थीले पनि उक्त क्षेत्रमा सालकको अनुसन्धान गरेका थिए ।

अध्ययन प्रतिवेदन अनुसार एउटा वयस्क सालकले एक वर्षमा सात करोड कमिला तथा धमिरा खाने गर्दछ । प्वाल बनाएर जमिनमुनि बस्ने लजालु स्वाभावको जनावर सालक विशेष गरी रातको समयमा मात्रै बाहिर निस्कने गर्दछ । दुर्लभ सालक जिल्लामा कति छ भन्ने कुनै स्पष्ट तथ्याङ्क नभए पनि कालो सालकको खोपासी, उग्रतारा जनागाल, महादेवस्थान, नारायणस्थान, डराउनेपोखरी, पाँचखाल, ज्याम्दी, ढुङ्खर्क तथा पाँचखाल क्षेत्रका सामुदायिक वनमा सुरक्षित बासस्थान रहेको उसको बासस्थानबाट देखिएको अनुसन्धानबाट खुलेको छ । पाँच वर्षअघि वन विभागको स्वीकृतिमा नेपाल ग्रामीण विकास तथा वातावरण संरक्षण परिषद् भक्तपुरले काभ्रेपलाञ्चोकका सामुदायिक वनमा सालकको अनुसन्धान गरेको थियो । संरक्षित जनावरमध्येको नेपालमा पाइने कालो सालकको वनमा रहेको प्राकृतिक बासस्थान सुरक्षित नभए केही वर्षमा लोप हुनसक्ने अवस्था देखिएको अनुसन्धानकर्ता प्रतिभा कसपाल बताउँछन् । उनी भन्छन्, "नेपालमा दुर्लभ कालो सालक अति संकटापन्न अवस्थाको सूचीमा छ ।"

विश्वभर एशिया र अफ्रिकामा आठ प्रजातिका सालक पाइन्छन्, त्यसमध्ये चार प्रजातिका सालक एसियामा मात्रै पाइन्छ । एसियामा पाइने चार प्रजातिका सालकमध्ये नेपालमा तामे र कालो सालक पाइने पोखरेलले जानकारी दिए । उनका अनुसार यसको प्राकृतिक प्रजनन् पनि अत्यन्त कम भएकाले विश्वमै दुर्लभ मानिएको सालकको संरक्षणले जैविक विविधतामा ठूलो सहयोग गरिरहेको छ ।

सालकको मासु र छाला (खपटा) चिनियाँ बजारमा माग हुने गरेका कारण नेपालबाट यसको तस्करी हुनेगरेको घटनाक्रमले देखाएको छ । वन संरक्षण ऐन अनुसार सालक तस्करीमा पाँचदेखि १५ वर्षसम्म कैद, पाँचदेखि १० लाख रुपैयाँसम्म जरिवाना तथा दुवै सजाय हुनसक्ने व्यवस्था छ ।

# कोरोनाको असर चरा पर्यटनमा पनि

गण्डकी (रासस)/ पोखराका सुनिता गुरुङ चरा गाइडका रुपमा सक्रिय रहेको १७ वर्ष वितिसकेको छ । सन् २००४ यतादेखि गरिरहेको काममा उहाँ खुसी उत्साहित पनि छन् तर नेपालमा चरा पर्यटनप्रति पनि आकर्षण बढ्दै गएका अवस्थामा एकाएक दुई वर्षअघि भित्रिएको कोरोना भाइरसको महामारीले उनको क्रियाशीलतालाई प्रत्यक्ष असर पार्‍यो ।



विगतमा पर्यटकलाई चरा देखाउन र चिनाउन भ्याइनभ्याइ हुने गुरुङ दुई वर्षयता भने फुर्सदिलो बनेका छन् । स्वरोजगार बनेकी उनको रोजगारीलाई कोरोनाले असर पारेको हो । "कोरोनाले चरा गाइडका रुपमा काम गरिरहेका सबै यतिखेर बेरोजगार बनेका छन्", गुरुङले भने, "यसैका माध्यमबाट घरखर्च चलाएकालाई त झन् मुस्किल परेको छ ।"

चरा देखाउने र चिनाउने काम सजिलो नभएको बताउँदै उनले यसका लागि इच्छाशक्ति, धैर्यता, पहिचान, क्षमता आदि आवश्यक हुने उनले बताए । कोरोनाका कारण चरा गाइडसँगै चरामा पनि प्रत्यक्ष असर पारेको भएको गरुङको भनाइ थियो । पसलका सटरमा गुण बनाउने गौथली कोरोनाका कारण पसल बन्द हुँदा समस्यामा परेको बताउँदै उनले विकासका नाममा चराका बासस्थान मासिँदा समस्या भएको जानकारी दिए । पर्यटकीय नगरी पोखरा चरा पर्यटनका लागि पनि उत्तिकै आकर्षक गन्तव्य भएको चराका क्षेत्रमा काम गर्नेहरूले बताए । तालैतालको सहर पोखराका नौओटा ताल रामसारमा सूचीकृत छन् ।

पोखराको बीच भाग भएर बग्ने सेती नदी, फुस्रेखोला हुँदै दक्षिण भेगस्थित सुरौदीलगायत खोलानाला चराका लागि उपयुक्त मानिन्छ । पोखरा, आसपासका क्षेत्र र हिमालपारिको जिल्ला मुस्ताङ हुँदै बग्ने काली गण्डकीसहित विभिन्न जलसम्पदाका कारण पनि यो क्षेत्र चराचुरुङ्गीको राम्रो बासस्थान बनेको हो । नेपाल आउने विदेशी पर्यटकमध्ये आठ प्रतिशत पर्यटक चरा हेर्नकै लागि आउने गरेको तथ्याङ्क छ । विशेष गरी विदेशी पर्यटक नै चरा पर्यटनमा रुचि राख्ने भएकोले कोरोनाका कारण विदेशी पर्यटक नआएका कारण चरा गाइड कामविहीन जस्तै बनेका छन् । पोखराका जलाशयमा यतिखेर जाडो छल्नका लागि पाहुना चरा आइसकेको प्रकृतिका साथीका निर्देशक राजु आचार्यले जानकारी दिए । पोखराका फेवाताल, बेगनास ताल, रुपा माललगायत तालमा चीन, मंगोलिया, साइबेरियालगायत स्थानबाट चरा आउने गर्दछन् ।

यहाँका फेवा, बेगनाससहित रुपा, खास्टे, कमलपोखरी, गुदे, निउरेनी, दिपाङ र मैदीतालका साथै सेती नदीका आसपासमा थुप्रै पाहुना चरा देखिन थालेका छन् । विगतका वर्षमा जस्तो पाहुना चराको आउने क्रम भने कमहुँदै गएको पाइएको छ । सिमसार र आसपासका क्षेत्रमा विचरण तथा प्रजनन गर्ने चराका प्रजाति वातावरण प्रदूषण एवं सिमसारमा हुने गरेको अतिक्रमणका कारण संकटमा पर्दै गएको अनुसन्धानले देखाएको छ ।

विशेष गरी हिमाली क्षेत्रमा हिउँ पर्न थालेपछि आहारा पाउन नसकिने भएकोले जाडो छल्नका लागि पाहुना चरा बेँसितिर झर्ने उनले जानकारी दिए । हिउँद सुरु भएसँगै चीन, मंगोलिया, साइबेरियालगायत स्थानबाट हिमालपारिको जिल्ला मुस्ताङको जोमसोम, कागबेनीहुँदै छिर्ने कन्याङकुरुङ पछिल्ला वर्षमा कम देखन थालिएको छ । ठूलाठूला झुण्डमा आउने कन्याङकुरुङ पोखराहुँदै कालीगण्डकी उपत्यका पार गरी भारतको राजस्थानलगायत स्थानमा पुग्दछन् । पोखरा र आसपासमा कन्याङकुरुङ आउँदा र फर्कदा उनीहरूको झुण्डलाई हेर्दै लहरेबाली लगाउने हो भने त्यसले राम्रो उत्पादन दिने जनविश्वास अझै पनि कायमै छ । स्याङ्जाको भीरकोट नगर पालिका-३ स्थित देवपूजे ढुङ्गालाई प्रत्येक वर्ष कन्याङकुरुङ आउँदाजाँदा अनिवार्य घुमेर जाने गरेको त्यहाँका बासिन्दाले बताए । कास्कीको दक्षिण भेगस्थित सुरौदी खोलाको किनारामा एक दशकअघिसम्म ठूलै संख्यामा हुटिट्याउँ पाउने गरिएकामा पछिल्ला वर्षमा देखन छाडिएको छ ।

संरक्षणको अभावमा सिमसार क्षेत्र सुक्नु, विचरण क्षेत्रमा भौतिक संरचना बन्नु, खोला तथा जलाशयमा माछालगायत जलचरमा कमी आउनुजस्ता कारणले बर्सेनि चरा घट्दै गएका हुन् । यसअघि २०७४ सालको हिउँदमा फेवातालमा गरिएको चरा गणनामा ४२ प्रजातिका चरा भेटिएकामा हाल तीमध्ये तीन प्रजाति घटेको तथ्याङ्कले देखाएको छ ।

अध्ययनले केही वर्षको अन्तरालमा ५० प्रतिशत चरा कम भएको देखाएको छ । पछिल्ला वर्षमा जलाधार क्षेत्रमा पहेँला टाउके हाँस, सुन्जुरे हाँसलगायत चराका प्रजाति कम देखिन थालेको बताइएको छ । पोखरा उपत्यकामा ४६७ प्रजातिका चरा पाइन्छ । चरा पर्यटनमा आकर्षण बढ्दै गर्दा चरा तथा वन्यजुन्तुको अध्ययन अनुसन्धान एवं पहिचानका कार्यक्रम पनि बढ्दै गएका छन् । सहस्राब्दी पदमार्ग (मिलेनियम ट्रेक) मा पर्ने राङभाङ भैँसेगौँडामा प्रकृतिका साथीको सक्रियतामा वन्यजन्तु अनुसन्धानविधि विषयक तालिम यसवर्ष पनि गर्न लागिएको निर्देशक आचार्यले जानकारी दिए ।

स्याङ्जाको पुतलीबजार नगरपालिका-२ भैँसेगौँडामा वन्यजन्तु अनुसन्धानविधि तालिम अघिल्लो वर्ष गरिएकोमा यसवर्ष पनि कात्तिक २३ गतेबाट १९ दिनसम्म गर्न लागिएको छ । अघिल्लो वर्ष विभिन्न जिल्लाका १३ जना सहभागी भएकामा यस वर्ष १२ जनामात्र सहभागी हुँदैछन् ।

तालिमका क्रममा सहभागीलाई जङ्गलमा रहेका चरा, पुतली एवं स्तन्धारी प्राणीको पहिचान, तिनको अनुसन्धानविधि आदिबारे जानकारी प्रदान गरिने छ । सहस्राब्दी पदमार्ग चरा पर्यटनका लागि पनि उत्तिकै आकर्षक गन्तव्य भएका कारण यहाँ पाइने चरासहित वन्यजन्तुको अनुसन्धानसँगै पहिचानका लागि गर्न लागिएको तालिम बहुउपयोगी हुने विश्वास लिइएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका सदस्य बालकुमार गुरुङले जानकारी दिए ।

तनहुँको दुलेगौँडादेखि स्याङ्जाको रामबाछा जोड्ने ७२ किलोमिटर दूरीको सहश्राब्दी पदमार्ग (मिलेनियम ट्रेक) मा १३७ प्रजातिका चरा पाइने उहाँको भनाइ थियो । नेपालमा मात्र पाइने चरा काँडे भ्याकुर सहस्राब्दी पदमार्गका विभिन्न स्थानमा देखन सकिन्छ ।

# मेरो गणना : मेरो सहभागिता : राष्ट्रिय जनगणना २०७८ को तयारी पूरा

काठमाडौँ (रासस)/ केन्द्रीय तथ्याङ्क विभागले हरेक नागरिकको घर-घरमा पुग्ने गरी राष्ट्रिय जनगणना २०७८ को तयारी पूरा गरेको छ ।



यही कात्तिक २५ गतेदेखि आउँदो मंसिर ९ गतेसम्म हुने गणनाका लागि ४० हजार गणक र आठ हजार १६ जना सुपरीवेक्षकलाई तालिम दिइसकिइएको छ । सामाजिक, आर्थिक, भौगोलिक, भौतिक पूर्वाधार र अन्य पक्ष समेटिने गणनाका लागि केन्द्रदेखि वडास्तरसम्मका समन्वय संरचना तयार गरिएको छ ।

यसपटक घर तथा घर परिवार लगत सूचीकरणका लागि २५, मुख्य ५५ र पहिलो पटक सामुदायिक प्रश्नावलीसहित ८० वटा प्रश्न समवेश गरिएको छ । विभागले घर तथा घरपरिवार लगत सूचीकरण कार्य सम्पन्न गरेको छ । एक गणकले करिब एक सय पचास घर सम्म पुग्नुपर्ने दायित्व दिइएको विभागले जनाएको छ । जो मानिस जहाँ बढी (अक्सर) बसोबास गर्छ, त्यहीबाट उसको गणना हुनेछ ।

राष्ट्रिय योजना आयोग मातहतको सो विभागका महानिर्देशक नेबिनलाल श्रेष्ठ संविधानमा विभिन्न जाति, भाषा, लिङ्ग, धर्म, वर्ग, क्षेत्र, अपाङ्गता भएका लगायत सबै पक्षको अधिकार सुनिश्चित गरिएकाले जनगणनाले त्यसै प्रकारको तथ्याङ्क ल्याउन तयारी पूरा भएको जनाए ।

काठमाडौँलगायत सहरी क्षेत्रमा गणनाको कार्य चुनौतीपूर्ण हुने भएकाले त्यसमा सबैको सहयोग गर्न आग्रह गर्दै उनले मागेको तथ्याङ्क नदिने कार्य कानूनविपरीत हुने भएकाले त्यसतर्फ पनि सचेत गराए । गणनाका विवरण गोप्य हुने जनाउँदै महानिर्देशक श्रेष्ठले जनगणना सम्पन्न भएपछि राष्ट्रिय कृषि गणना गरिने जनाए । नयाँ संविधानपछिको पहिलो जनगणना हुन लागेको भए पनि तथ्याङ्क ऐन २०१५ भने हालसम्म पुरानै कायम रहेको छ । यो जनगणनाले दिगो विकास लक्ष्य, समृद्धि र सुशासनका आधारका लागि खण्डीकृत तथ्याङ्क तयार गर्नेछ । संविधानमा राष्ट्रिय जनगणनाको तथ्याङ्कलाई विकास निर्माणसँग जोड्नुपर्ने व्यवस्था गरिएको छ । विभागले मुख्य प्रश्नावलीमा आर्थिक काम, पेशा, वस्तु वा सेवाको उत्पादन अनुसारको विवरण, परिवारमा खानेपानी, इन्धन, सञ्चारसाधन, महिलाका नाममा सम्पति, घरेलु व्यवसाय, मातृमृत्यु दरको आँकलन, विदेशमा रहेका व्यक्ति आदिबारे सोध्ने गरी प्रबन्ध गरेको छ ।

जनगणना सकिएको तीन महिनामा प्रारम्भिक नतिजा आउनेछ । विभागका निर्देशक ढुण्डिराज लामिछाने संविधानमा स्थानीय तहले सबै मन्त्रालयसँग सम्बन्धित कामको अभ्याससमेत गर्ने व्यवस्था गरिएकाले तथ्याङ्क व्यवस्थापनका सन्दर्भमा विकासका लागि विविधतायुक्त तथ्याङ्कलाई स्वचालित सूचना प्रणालीमा अद्यावधिक गराउनु स्थानीय तहको पनि दायित्व भएको बताए ।

उनले पहिलो पटक देशभरकै घर तथा संरचनाको तथ्याङ्क सूचीकरण हुन लागेकाले भूकम्पलगायत विपद्का अवस्थामा राहत, पुन:स्थापना र पुन:निर्माणका लागि योजना बनाउन सघाउने बताए । राष्ट्रिय जनगणना २०७८ का सन्दर्भमा मिडिया एक्सन नेपाल (म्यान) ले आयोजना गरेको सञ्चार अभिमुखीकरण कार्यक्रममा युएनएफपिए नेपाल कार्यालयका अधिकृत इञ्चार्ज डा. हसिना बेगमले कोभिड-१९ को चुनौतीका बीच जनगणना हुने तयारी भएकाले यस विषयसँग सम्बन्धित मुद्दालाई सञ्चारमाध्यमले उचित स्थान दिने विश्वास व्यक्त गरे ।

नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले राज्यले अघि बढाएका महत्वपूर्ण कार्यक्रममा नागरिकलाई सहभागी गराउन सञ्चार क्षेत्रले प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्नुपर्ने बताउँदै जनगणनालाई दायित्वका रुपमा लिएर अभियानकै रुपमा सही तथ्याङ्क संकलनका लागि सम्बन्धित निकायलाई खबरदारी गर्न आग्रह गरे । वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारीले सत्यतथ्यका आधारमा पत्रकारले जनतालाई सूसुचित गराउनुपर्ने बताए । वरिष्ठ पत्रकार नम्रता शर्माले खोजी पत्रकारिताकोसमेत प्रयोगबाट जनगणना जस्ता विषयलाई यथार्थपरकरुपमा सम्पन्न गराउन पत्रकारिताले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने बताए । म्यानका अध्यक्ष लक्ष्मणदत्त पन्तले जनगणनाको पूर्वसन्ध्यामा सातै प्रदेशका करिब दुई सय पत्रकारलाई विषयवस्तुमा अभिमुखीकरण गराइएको जानकारी दिए ।

नेपालमा हरेक १०/१० वर्षमा एक पटक राष्ट्रिय जनगणना हुने गरेको छ । मुलुकमा पहिलो जनगणना एक सय ९ वर्षअघि विसं १९६८ मा चन्द्रशम्शेर राणा प्रधानमन्त्री भएका बेला थालनी भएको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



**मार्खुमा बढे पर्यटक:** मकवानपुरको उत्तरी क्षेत्रस्थित इन्द्रसरोवर गाउँपालिकामा रहेको कुलेखानी जलाशय (मानव निर्मित इन्द्रसरोवर ताल)मा ढुंगामा सयर गर्दै आन्तरिक पर्यटक । कोरोना महामारीका कारण पर्यटकको संख्या प्राय: शुन्य बनेको पर्यटकीय क्षेत्र मार्खुमा संक्रमण कम भएसँगै यहाँका होटलमा पर्यटक बढ्न थालेका छन् । *तस्वीर: सामाजिक सञ्जाल फेसबुकबाट ।*

# बागमतीमा बैंकको ५७ प्रतिशत कर्जा लगानी

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेश केन्द्रित रहेका बैंक तथा वित्तीय संस्थाहरुको कारोबारमा खासै सुधार हुन नसकेको राष्ट्र बैंकको अध्ययनमा उल्लेख छ ।

राष्ट्र बैंकले हालै सार्वजनिक गरेको अध्ययनअनुसार पुस ०७७ मा बैंक तथा वित्तीय संस्थामा बागमती क्षेत्रबाटै ६८ प्रतिशत निक्षेप संकलन र ५६ दशमलव ६ प्रतिशत कर्जा लगानी भएको छ । मुलुकको संघीय संरचनामा वित्तीय क्षेत्रको स्रोत परिचालन नामक अध्ययनअनुसार यो अवधिमा बैंक तथा वित्तीय संस्थाको ४२ खर्ब निक्षेप संकलन र ३६ खर्ब कर्जा लगानी छ ।

यसमध्ये बागमती प्रदेशमा मात्रै २९ अर्ब निक्षेप संकलन र २० खर्ब कर्जा लगानी भएको छरु। कर्णाली प्रदेशमा सबैभन्दा कम निक्षेप संकलन र कर्जा लगानी भएको देखिन्छ । यो क्षेत्रमा निक्षेप संकलन र कर्जा लगानी दुवै चार अर्बमा सीमित छ । बैंकहरुको प्रतिशाखा जनसंख्याका आधारमा सबैभन्दा धेरै पहुँच गण्डकी प्रदेशबासीले पाएका छन् ।




सो प्रदेशमा एक हजार सातजनालाई एउटा शाखाले सेवा दिइरहेको छ । जबकि कर्णाली प्रदेशका चार हजार पाँच सय ३६ जनाले एउटा शाखा प्रयोग गर्नुपरि रहेको छ । डिजिटल बैंकिङ प्रणाली उपलब्धतामा पनि बागमती प्रदेश अगाडि छ । यो क्षेत्रका तीन लाख ३० हजारका लागि एउटा पिओएस (प्वाइट अफ सेल) टर्मिनल उपलब्ध छ । अर्थात्, यहाँका प्रति १० हजार मानिसहरूका लागि ३० वटा पिओएस उपलब्ध छ । जबकि कर्णालीका ७९ लाख ७३ मानिसका लागि बल्ल एउटा पिओएस टर्मिनल प्राप्त छ ।

राष्ट्र बैंकको अध्ययनले निक्षेप संकलन र कर्जा लगानीको तथ्यांक बैंकहरूका सम्बन्धित शाखाबाट लिएका छन् । यही कारण एउटा शाखा वा केन्द्रबाट प्रवाह भए पनि अर्को क्षेत्रमा प्रयोग हुन सक्ने कर्जालगायतको विवरणलाई भने अध्ययनले छुट्याएको छैन । 'बैंकहरूको शाखा रहेको क्षेत्रबाट भएको कारोबारको तथ्यांकलाई यो अध्ययनले लिएको हो,' प्रतिवेदनमा भनिएको छ, 'त्यसैले यदि अन्तरप्रदेश कुनै कारोबार भएको भए त्यस्तो तथ्यांक यसमा छुट्याइएको छैन ।'

बैंक तथा वित्तीय संस्थामा आउने निश्चित रकमभन्दा माथिको कर्जाको स्वीकृति केन्द्रीय कार्यालयबाट हुने गर्छ । धेरैजसो संस्थाको मुख्य कार्यालय बागमती केन्द्रित हुने भएकाले पनि यो क्षेत्रको हिस्सा बढाउन पनि यसले सहयोग गरेको हुन सक्छ । जसलाई भने अध्ययनमा छुट्याएर अध्ययन हुन सकेको देखिँदैन ।

बैंक तथा वित्तीय संस्था (लघुवित्तबाहेक)हरू बागमती प्रदेश केन्द्रित रहिरहँदा लघुवित्तहरूले सानै परिमाणमा भए पनि यो परिदृश्य फेर्न सहयोग पुऱ्याइरहेको देखिन्छ । एक खर्ब १३ अर्ब निक्षेप संकलन गरेका लघुवित्तहरूको मुख्य स्रोत लुम्बिनी र प्रदेश २ छन् ।

लुम्बिनीबाट करिब २८ र प्रदेश २ बाट करिब २२ प्रतिशत निक्षेप संकलन हुने गरेको छरु। त्यस्तै, कर्जा लगानीमा पनि यही प्रवृत्ति देखिन्छ । लुम्बिनीमा २२ दशमलव ४ र प्रदेश २ मा करिब २६ प्रतिशत लगानी केन्द्रित छ ।

# 'एमालेले सशक्त भूमिका निर्वाह गर्छ'

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशकी निवर्तमान मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले नेकपा एमालेमाथि निरन्तर प्रहार भइरहेको बताएकी छन् ।

एमाले उपाध्यक्षसमेत रहेकी शाक्यले बागमती प्रदेशको संसदीय दलको बैठकमा बोल्दै एमालेको आसन्न पार्टी महाधिवेशन असफल बनाउन तत्वहरु सक्रिय भएको बताएकी छन् । 'पार्टीको महाधिवेशन असफल बनाउने खेल भइरहेको छ, विभिन्न तत्वहरु क्रियाशील भइरहेका छन् ।

महाधिवेशनलाई सफल बनाउन आ-आफ्नो क्षेत्रबाट भूमिका खेलौं । तोकिएकै मितिमा पार्टीको महाधिवेशन हुनेछ ।' शाक्यले भनिन् । एमालेलाई कमजोर बनाउन भन्दै लागिपरेको तत्वका विरुद्ध डटेर लाग्नुपर्ने उनको भनाई छ ।

एमालेलाई भूमिका विहीन अवस्थामा पुऱ्याउन भन्दै विभिन्न तत्वहरु सक्रिय भइरहेकाले योजनाबद्ध ढंगबाट पार्टी र सदनमा जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने शाक्यको जोड छ । शाक्य २ भदौमा बागमतीको मुख्यमन्त्रीमा नियुक्त भएर करिब २ महिनापछि सरकार छोड्नु परेको थियो । बहुमत सदस्यका आधारमा मुख्यमन्त्री बनेकी शाक्य एमाले विभाजनसँगै अल्पमतमा परेकी थिइन् । उनले १० कार्तिकमा मुख्यमन्त्रीबाट राजीनामा दिएकी थिइन् ।



प्रदेशसभामा एमालेले ४४ महिना सरकार चलाएको थियो । बागमतीको प्रमुख प्रतिपक्षी दलको भूमिकामा रहेको एमालेले सदनमा सशक्त भूमिका देखाउनु पर्नेमा शाक्यको जोड थियो । प्रतिपक्षी दल कमजोर भए सरकार गलत बाटोमा जान सक्ने भन्दै एमाले प्रदेशसभामा सशक्त रुपमा उभिने उनको भनाइ छ । प्रदेशसभामा एमालेसँग ४३ मत छ ।

## मौसममा आंशिक बदली

हेटौंडा/नेपालको मौसममा सोमबार आंशिक बदली भएको छ । हाल नेपालमा अरब सागरमा विकसित भैरहेको निम्न चापीय प्रणालीको सामान्य प्रभाव रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

सोमबार दिउँसो प्रदेश नम्बर १ र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली तथा अन्य प्रदेशहरुमा आंशिक बदली रहने छ भने प्रदेश नम्बर १ र गण्डकी प्रदेशका हिमाली भू-भागका एक दुई स्थानहरुमा हल्का हिमपातको सम्भावना रहेको छ ।

# एकीकृत समाजवादीका नगर सचिव अधिकारीको निधन


हेटौंडा/नेकपा (एकीकृत समाजवादी) हेटौंडा उपमहानगर पालिका कमिटीका सचिव गिरिजा अधिकारीको करेन्ट लागेर निधन भएको छ ।



हेटौंडा-१७ घर भएका अधिकारीलाई गाउँमै सडक विस्तारको क्रममा विद्युत प्रवाह भइरहेको तार मिलाउने क्रममा करेन्ट लागेको थियो । करेन्ट लागेर गम्भिर घाइते भएका अधिकारीलाई हेटौंडा अस्पतालका चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक जयश्वर रिमालले जानकारी दिए ।

तत्कालिन नेकपा माओवादी केन्द्र निकट विद्यार्थी संगठनबाट राजनीति गरेका अधिकारी पछिल्लो समय एकीकृत समाजवादीमा सक्रिय थिए । उनले हेटौंडामा शैक्षिक संस्थापनि सञ्चालन गर्दै आइरहेका थिए ।

# अझैपनि घरमै सुत्केरी



हेटौंडा/बागमती प्रदेशमा धेरै महिला अझै असुरक्षित ढंगले घरमै सुत्केरी भइरहेको पाइएको छ ।

प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार गत आर्थिक वर्षमा ४० दशमलव ८३ प्रतिशत महिला घरमै सुत्केरी भएका छन् । निर्देशनालयले गत आवमा प्रदेशभर १ लाख ३२ हजार ६ सय ३३ जना गर्भवती हुने प्रक्षेपण गरेको थियो ।

त्यसमध्ये ७८ हजार ४ सय ८० अर्थात् ५९ दशमलव १७ गर्भवतीमात्र स्वास्थ्य संस्थामा सुत्केरी हुन आएको निर्देशनालयको तथ्यांक छ । तीमध्ये तालिम प्राप्त स्वास्थ्यकर्मीहरुबाट सुरक्षित ढंगले सुत्केरी हुने ५७ प्रतिशत छन् । अघिल्लो आवको भन्दा गत आवमा स्वास्थ्य संस्थामा सुत्केरी हुनेहरूको संख्या भने बढेको छ । निर्देशनालयका अनुसार अघिल्लो आवमा ५८ प्रतिशत मात्र स्वास्थ्य संस्थामा सुत्केरी भएका थिए ।

प्रदेशका १३ जिल्लामध्ये रसुवा, सिन्धुपाल्चोक र रामेछापमा घरमै सुत्केरी हुनेको संख्या बढी छ । रसुवामा २६ प्रतिशतमात्र स्वास्थ्य संस्थामा गएर सुत्केरी भएका छन् । 'सुत्केरी व्यथा लागेपछि धामी, झाँक्री लगाउने चलन छ,' रसुवाका इन्सेक प्रतिनिधि हेमनाथ खतिवडाले भने, 'अशिक्षा र नजिक स्वास्थ्य संस्था नहुँदा पनि समस्या छ ।'

यसैगरी रामेछापमा ७२ प्रतिशत र सिन्धुपाल्चोकका ६९ प्रतिशत महिला घरमै सुत्केरी भएका छन् । यसैगरी सिन्धुली र धादिङमा ५८ प्रतिशत घरमा नै असुरक्षित ढंगले सुत्केरी भएका छन् । चितवनमा स्वास्थ्य संस्था पुगेर सुत्केरी हुने धेरै छन् ।

'तर ती सबै चितवनका होइनन्,' जिल्ला स्वास्थ्य कार्यालय चितवनका प्रमुख दीपक तिवारीले भने, 'चितवनका ८५ प्रतिशतभन्दा बढी गर्भवतीहरू स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने अनुमान गरेका छौं ।' ललितपुरमा ९० प्रतिशत र काठमाडौंमा ७२ प्रतिशत गर्भवती स्वास्थ्य संस्थामा सुत्केरी हुने गरेका छन् । मकवानपुरमा ५१, काभ्रेमा ४९, दोलखामा ५१, नुवाकोटमा ५३ र भक्तपुरका ३८ प्रतिशत गर्भवती महिलाहरू असुरक्षित ढंगले घरमा नै सुत्केरी हुने गरेका छन् ।

संघसँगै स्थानीय तहले पनि स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई भत्ताको व्यवस्था गरेको छ । यसले पनि स्वास्थ्य संस्था सुत्केरी हुनेको संख्या बढिरहेको निर्देशनालयकी निर्देशक सावित्री पौडेलले बताइन् ।

*(इकान्तिपुरबाट)*

# प्रदेश क्षेत्रीय सभापतिमा श्रेष्ठको दाबी

साझाकुरा संवाददाता

हेटौंडा/नेपाली कांग्रेसको १४ औं राष्ट्रिय महाधिवेशन अन्तर्गत मकवानपुर प्रदेशसभा १ (क) को क्षेत्रीय सभापति पदमा युवा नेता सुशान्तकुमार श्रेष्ठले दाबी गरेका छन् । उनले सोमबार उम्मेदवारी घोषणासमेत गरेका हुन् ।



निर्वाचित जिल्ला सदस्यसमेत रहेका श्रेष्ठले पछिल्लो समय पार्टीमा बढ्दो गुटबन्दीको अन्त्य गर्न युवाहरु नेतृत्वमा आउन जरुरी रहेकोले आफ्नो उम्मेदवारी रहेको बताए । २०६४ सालमा नेपाली कांग्रेसको क्रियाशील सदस्य भइ सक्रिय राजनीतिमा रहेका श्रेष्ठले आफू निर्वाचित भएससंगै पार्टीभित्र युवाहरुलाई सहि स्थानमा नेतृत्व प्रदान गर्न पहल गर्ने प्रतिबद्धता जनाए ।

उनले मकवानपुरमा कांग्रेसको प्रभाव बढिरहेको अवस्थामा पार्टीप्रति आस्था राख्ने सक्षम युवाहरुलाई समेट्न पनि आफू नेतृत्वमा आउन जरुरी रहेको धारणा व्यक्त गरे । 'जिल्लामा कांग्रेसको प्रभाव बढिरहेको छ । नजिकिँदै गरेको स्थानीय तह, प्रदेश र संघीय निर्वाचनबाट युवाहरुलाई राजनीतिकको मूल धारमा ल्याउन पहल गर्नेछु ।', श्रेष्ठले पार्टीभित्रको गुट, उपगुटको अन्त्य गर्दै कांग्रेसलाई स्वच्छ र एकढिक्का बनाएर अगाडि बढाउन उम्मेदवारी घोषणा गरेको बताए ।

नेपाली चलचित्र निर्माण सँगै अभिनयमा पनि सक्रिय रहेका श्रेष्ठ पार्टीको साँस्कृतिक विभागको प्रमुख भई केन्द्रीय सभापतिको उपस्थितीमा बृहत साँस्कृतिक कार्यक्रम गरी पार्टीलाई अझ माथि उठाउन सहयोग गरेका थिए । क्षेत्र १ को प्रदेश सभा (क) अन्तरगत मकवानपुरगढी गाउँपालिकाको वडा नम्बर १, २, ३, ४, हेटौंडा उपमहानगरको वडा नम्बर १६, १७, १८, पूर्वी क्षेत्रको बकैया गाउँपालिका र बागमती गाउँपालिका पर्दछन् ।

'राष्ट्रियता, प्रजातन्त्र र समाजवाद हाम्रो पार्टीको मूल नारा हो । हामी युवाहरु यसै नारालाई आत्मसाथ गर्दै अगाडि बढ्न जरुरी छ । पार्टीभित्र पछिल्लो समय सिद्धान्तभन्दा व्यक्ति बढी हावी भइरहेका छन् । त्यसकारणले गर्दा यस अधिवेशनबाट सवल र सक्षम युवाहरु नेतृत्वमा आउनु आवश्यक छ ।', उनले भने । २०६४ र २०७० को निर्वाचनमा इन्द्रबहादुर बानियाँलाई निर्वाचित गराउन अहम भूमिका निभाउदैं २०७४ को स्थानीय र प्रदेश/संघीय चुनावमा सक्रिय रुपमा खटिएका श्रेष्ठ २०७२ मा निर्वाचित जिल्ला सदस्य बनेका थिए ।

# सोमबार थप चार जनामा कोरोना संक्रमण पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा/सोमबार मकवानपुरमा थप चार जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य कार्यालय मकवानपुरको तथ्यांक अनुसार सोमबारपछिल्लो २४ घण्टामा ३७ जनाको एन्टिजेन विधिबाट कोरोना जाँच गर्दा चार जनामा संक्रमण पुष्टि भएको हो ।

मकवानपुरको सोमबारको कोरोना संक्रमित दर १६ प्रतिशत रहेको छ । मकवानपुरमा हाल सम्मको कोरोना संक्रमितको संख्या १५ हजार ४ सय १२ रहेको छ । त्यसैगरी मकवानपुरमा पछिल्लो २४ घण्टामा कोरोनामुक्त हुनेको संख्या ६ रहेको छ ।

**निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्**

घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?

निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब



हामीलाई सम्झनुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, बाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

**हाम्रो हार्डवेयर एण्ड सप्लायर्स**

हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५२०६४१, ९८५५०४२९६३

चितवन मेडिकल कलेज, CMC भरतपुरका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ

**डा. प्रकृति सिटैला**

अब

**हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै:-

- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- महिनावारी गडबडी हुने
- सेतो पानी बग्ने
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली सम्बन्धि समस्या लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुमको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र आजै आफ्नो नाम दर्ता गर्नुहोला ।

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि,**

फोन नं.:०५७-५२०३१५, ५२०५७०, साथै प्रत्येक दिन HD Quality को अत्याधुनिक प्रविधियुक्त Endoscopy सेवा ।




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

"तपाईं हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेबसाइडमा: www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।

साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**. कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल